# ११० औं कार्यपालिका बैठक (मिति २०८२ जेठ ३० गते) को प्रस्तावनाहरु:

**प्रस्तावहरू:**

१) नगर कार्यपालिका बैठका विगतका निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२) नगर सभा सम्बन्धमा।
३) आयोजनाको फरफारक र भुक्तानी अनुमोदन सम्बन्धमा।
४) विदुर नगरपालिका वडा नं.२ को वडा कार्यालय सम्बन्धमा।
५) बैदेशिक भ्रमण सम्बन्धमा।
६) टुहुरा बालबालिका (आमा बाबुविहिन) सम्बन्धमा।
७) नदीजन्य पदार्थको IEE स्विकृत सम्बन्धमा।
८) विविध
   क) योजना तथा कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा।

CamScanner

निर्णयहरु:

१.नगर कार्यपालिका बैठका विगतका निर्णयहरु कार्यान्वियनको समीक्षा सम्बन्धमा।

- नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै सम्बन्धित शाखा प्रमुखहरुलाई निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु विधि र प्रक्रिया पुर्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२.नगर सभा सम्बन्धमा।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम नगर सभाको बैठक सामान्यतया वर्षमा दुई पटक बस्नुपर्ने व्यवस्था छ, जसलाई नगरप्रमुखले बोलाउने प्रावधान गरिएको छ। यसैगरी, ऐनको दफा ७१ बमोजिम उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व तथा व्ययको अनुमान (बजेट) कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था स्पष्ट रूपमा उल्लेख गरिएको छ। उक्त कानूनी प्रावधानको पालना स्वरूप २०८२ साल असार ९ गते सोमबारका दिन १७ औं नगर सभा संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

३.आयोजनाको फरफारक र भुक्तानी अनुमोदन सम्बन्धमा।

- नगरपालिकाको उपप्रमुखज्यूको संयोजकत्वमा रहेको आयोजना अनुगमन समितिले २०८२ बैशाख र जेठ महिनामा उपभोक्ता समिति र निर्माण व्यवसायी समेतबाट निर्माण सम्पन्न भएका आयोजनाहरु मध्ये वडास्तरका, नगरस्तरका, तोक आदेश समेतका तपसिल बमोजिमका आयोजना कार्यक्रम बृहत छलफलबाट फरफारक तथा भुक्तानी भएको रकम अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

CamScanner

चालु आ.व.२०८१।०८२ वैशाख महिनामा फरफारक भएका योजनाहरु

| क.सं. | योजनाको नाम |
|---|---|
| १ | कामीखोल्चा कुवापानी जाने सिढीबाटो |
| २ | बरुगाउँ भड्खारो मर्मत उ.स. |
| ३ | दशमुरे रानाथोक खानेपानी ट्यांकी निर्माण |
| ४ | गैराथोकदेखि मनकामना मन्दिर सिढी बाटो निर्माण |
| ५ | हस्पिटल भित्री सडक ब्लक छाप्ने उपभोक्ता समिति |
| ६ | कालोमाटो ढकालटार सिढी बाटो योजना |
| ७ | भोर्ले खेत सिचाइ योजना |
| ८ | मुलधारा काकेटोल हुदै सेतारेटोल जाने सिढी ढलान बाटो निर्माण |
| ९ | मुलधारा काकेटोल जाने सिढी बाटो निर्माण |
| १० | साहित्य संगम नुवाकोट वार्षिक उत्सव तथा कृति लोकार्पण तथा काव्य गोष्ठी |
| ११ | विदुर नगरपालिका वडा न ३ मा सावुन बनाउने तालिम . |
| १२ | विदुर नगरपालिका वडा न ४ मा सावुन बनाउने तालिम . |
| १३ | विदुर नगरपालिका वडा न१० मा ३ महिने वेशिक व्युटी पार्लर तालिम संचालन |
| १४ | तल्लो पिपलटार हुदै टुटीघाटसम्म जाने सिढी बाटो निर्माण |
| १५ | श्री सिद्देश्वर आधारभूत विद्यालय शैक्षिक सुधार कार्यक्रम |
| १६ | नुवाकोट तिरतिरे धारामा पाटी निर्माण |
| १७ | शान्ती कल्याण आवि शैक्षिक सुधार कार्यक्रम |
| १८ | तारा नेपाल घर संरक्षण |
| १९ | अमले माझीगाउँ आचार्यटोल खानेपानी ट्याङ्की निर्माण |
| २० | घिमिरेटोल पाइप कारखाना मोटरबाटो निर्माण योजना |
| २१ | डाँडागाउँ तथा भोर्लेटार सामुदायिक भवन निर्माण |

CamScanner

| | |
|---|---|
| २२ | लामाटार स्कुलदेखि माथिल्लो बरको बोटसम्म जाने गोरेटो सिढी बाटो |
| २३ | नागिन स्थान भोर्ले कृषि सडक |
| २४ | वेत्रावती नयाँ वस्ती जाने सडक ढलान कार्य |
| २५ | शहिद जगत प्रकाश जंग शाह सस्कृत मावि पानी कटाउने कार्य |
| २६ | डाँडा थापाटोल खानेपानी योजना |
| २७ | कुमल्टारमा चौतारा निर्माण उस |
| २८ | छरछरे मुहान भट्टराइ फाट सिचाइ योजना |
| २९ | ब्रिन्दला मार्ग सडक ढलान |
| ३० | आंगवु महादेव खर्क गोरेटो बाटो मर्मत |
| ३१ | खानीगाउँ कालीखोला खानेपानी मर्मत र चौतारा देखि सिढी निर्माण योजना अधिकारी टोल मुलावारी आवी |
| ३२ | आगापुटार पार्क निर्माण |
| ३३ | नुवाकोट आदर्श बहुमुखि क्याम्पस खेल मैदान घेरावार निर्माण |

CamScanner

चालु आ२०८१।०८२ जेठ महिनामा.व.

फरफारक भएका योजनाहरु

| क.सं. | योजनाको नाम |
|---|---|
| १ | पनितिनी चौताराबाट भुजेल टोल जाने सिँढीबाटो निर्माण |
| २ | तातोपानी मुल तल्लो विदुर खानेपानी ट्याङ्की निर्माण |
| ३ | प्रतिक्षालय तथा सिढी ढलान बाटो निर्माण |
| ४ | बुद्ध धर्मावलीको मरनपाटी जाने बाटो निर्माण |
| ५ | छाँगेखोला उपभोक्ता समिति |
| ६ | राजाराम बुढाथोकीको घर पछाडीको वाल निर्माण |
| ७ | मिजार टोल सिढी ढलान बाटो निर्माण |
| ८ | नुवाकोट आदर्श बहुमुखि क्याम्पस खेल मैदान निर्माण )नुवाकोट जिल्ला फुटवल संघ ( |
| ९ | नुवाकोट आदर्श बहुमुखी क्याम्पस खेल मैदान स्तरोन्नती |
| १० | बृहत इष्टर महोत्सव संचालन उस |
| ११ | श्री कर्माछेदेलिङ्ग गुम्वा तार विहार संरक्षण तथा विकास |
| १२ | राइसिङ खेलमैदान निर्माण |
| १३ | छिपिटार देखि भित्रिनिटार गोरेटो बाटो मर्मत |
| १४ | बाँहुनडाँडा गोरेटो बाटो निर्माण |
| १५ | बच्छलादेवी मावि देखि साहुगाउँ गोरेटोबाटो मर्मत |
| १६ | चनौटे गाउँ खानेपानी तथा सरसफाइ उस |
| १७ | उपरखुट्टे महादेव सात्तले चण्डिकास्थान मन्दिर निर्माण |
| १८ | छापथोक भण्डारी पसलबाट न्यौपाने टोल गोरेटोबाटो मर्मत |
| १९ | रक्तकाली मन्दिर तथा घाटुजात्रा सन्चालन |

CS CamScanner

| | |
|---|---|
| २० | ठुलो मधेरो नागिनी स्थान चोरखर्क भैरमकोट कृषि सडक निर्माण |
| २२ | सिम्लिकान पहिरो नियन्त्रण |
| २३ | श्री चण्डीपोखरी जिरायत सिचाइ |
| २४ | श्री चण्डी आ कार्पेट तथा फर्निचर निर्माण योजना .वि. |
| २५ | वडा कार्यालय र नेपाल औषधि व्यवसायी संघ संगको समन्वयमा एनमेडिसिन बैंक स्थापना उस .ए.डी.सि. |
| २६ | पहाडी लोकमार्गको चोसेडी हुदै कृषि सडक निस्कने गोरेटो बाटो |
| २७ | च्वाडी हुदै क्रिकेट रंगशाला जाने सडक ढलान |
| २८ | शुन्दरादेवी मावि भवन मर्मत |
| २९ | गेर्खुटार टोल सडक निर्माण |
| ३० | त्रिशुली व्यायामशाला मर्मत तथा स्तरोन्नती कार्य |
| ३१ | सुन्दरादेवी सोले कुलो संरक्षण |
| ३२ | संगमचोक वाराही सडक स्तरोन्नती |
| ३३ | खोल्वी स्तरोन्नती उपभोक्ता समिति |
| ३४ | कालेढाड हुदै माझगाउँ सडक स्तरोन्नती |
| ३५ | नुवाकोट आदर्श बहुमुखि क्याम्पस १२ कक्षा कोठा निर्माण |
| ३६ | उत्तरगया महादेव मन्दिरमा शिव मुर्ति निर्माण |
| ३७ | चण्डीस्थान मन्दिर देखि गैराघर गोरेटो बाटो निर्माण |
| ३८ | माझीगाउँ खानेपानी संरक्षण योजना |
| ३९ | माझीगाउँ बाट टारी टोल जाने सडक नालि निर्माण |
| ४० | अमले माझीगाउँ आचार्यटोल खानेपानी टयाङ्की निर्माण |
| ४१ | कालेखोला मुखियाचौर गोरेटोबाटो चित्रे उस |
| ४२ | तल्लो माथिल्लो बरुगाउँ खानेपानी योजना |
| ४३ | बोक्से खोला चालिसेटोल बितलव खानेपानी योजना |

CamScanner

| | |
|---|---|
| ४४ | भालुखोल्चा मुहान भरी गौरी वेशी खानेपानी निर्माण |
| ४५ | नेपाल वस्लियन मण्डली आगापुटार वाद्यवादन तथा फर्निचर उपभोक्ता समिति |
| ४७ | सेतिदेवी मन्दिर निर्माण |
| ४८ | बट्टारको भिमसेन मावि भौतिक निर्माण |
| ४९ | दशमुरे चौतारा हुदै तुप्ते सोले सडक |
| ५० | ढाडखोर खहरेखोला स्ल्याव योजना निर्माण कार्य |
| ५१ | खड्गभन्ज्याङ्ग चाँपको फेद देखि घुम्ती बाटो सिढी बाटो योजना |
| ५२ | भैसे पुल देखि अक्करे पुल सडकसम्म कालोपत्रे |
| ५३ | शुभघाट धाराबाट शिवमन्दिर नाली निर्माण शुभघाट गैरिखर्क |
| ५४ | चिन्ने खेल मैदान निर्माण |
| ५५ | माथिल्लो जफति वडा न ८ ९ पुरानो धारा जाने सिढी बाटो कुवा मर्मत . |
| ५६ | जलविन्दु गणेश मन्दिर निर्माण |
| ५७ | छिपिटार खानेपानी योजना |
| ५८ | कोलनी ब्याडमिन्टन हल मर्मत |
| ५९ | चैनपुरबाट खोलेबेसी जाने सिढीबाटो निर्माण |
| ६० | सेरा ठाडो कुलो निर्माण |
| ६१ | सानु पधेरो खोलेवेशी सिढी निर्माण योजना |
| ६२ | पण्डितिनि आमैको चौतारा मर्मत तथा कोखे पधेरो जाने सिढी बाटो निर्माण |
| ६३ | सेरा प्यासकोट ढलान कार्य |
| ६४ | जिवन योग प्रयोगशाला प्रशिक्षण कार्यक्रम कलोनी |
| ६५ | महिला लक्षित कार्यक्रम च्याउ खेती तालिम श्री वाराही सामुदायिक वन उपभोक्ता समिति |
| ६६ | कदम धारा टोल विकास संस्था |

| | |
|---|---|
| ६७ | अर्चले फाँट सिचाइ योजना |
| ६८ | मुरलीटोल लिफ्ट सिचाइ मर्मत योजना |
| ६९ | बट्टारको विभिन्न भित्री बाटोमा ढलान )पहिलो फेज( |
| ७० | बट्टारको विभिन्न भित्री बाटोमा ढलान कार्य )दोस्रो फेज( |
| ७१ | छापटार खानेपानी धारो जाने सिढीबाटो तथा छापटार चौतारो निर्माण |
| ७२ | supply and installation of Badminton court and net for uuwakot badminton association |
| ७३ | नुवाकोटको तीनधारे पाटी मर्मत निर्माण |
| ७४ | सुन्दरी क्यौरेनी माध्यमिक विद्यालय |
| ७५ | रानाथोक एक घर एक धारा सार्कीखोला लामाटार खानेपानी योजना |
| ७६ | त्रिशुली नदि नियन्त्रण भैंसे वजार संरक्षण तथा खेलकुद मैदान संरक्षण |
| ७७ | आगापुटार लिफ्ट खानेपानी तथा सिचाइ शुलक्षणा स्कुल वस्ती |
| ७८ | अदुवावारी खानेपानी ट्याङ्की मर्मत |
| ७९ | जफती बोगटीथोक खानेपानी ट्याङ्की निर्माण र घेरावार निर्माण उस |
| ८० | जुगेटार सिचाइ कुलो निर्माण |
| ८१ | खेतुवा सिचाइ कुलो सेरवाल निर्माण |
| ८२ | भ्याकुतेदेखि रानाथोक सम्म सिढीबाटो निर्माण |
| ८३ | धारापानी आलमडाँडा खानेपानी योजना विदुर ८ |

CamScanner

४.विदुर नगरपालिका वडा नं.२ को वडा कार्यालय सम्बन्धमा।

- विदुर नगरपालिका वडा नं. २ को वडा कार्यालय हाल विदुर नगरपालिका वडा नं. २ नुवाकोट र विदुरमा गरी दुई स्थानबाट सञ्चालन हुँदै आएकोमा अबदेखि अर्को व्यवस्था नभएसम्मका लागि विदुर नगरपालिका वडा नं. २ मां अवस्थित साविकको सहकारी डिभिजन कार्यालयको भवनको दोस्रो तल्ला मात्र उपयोग गरी सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

५.वैदेशिक भ्रमण सम्बन्धमा।

- Stony Brook University New York को ५ जुन २०२५ को पत्र अनुसार ९ जुलाई २०२५ देखि शुरु हुने १० दिने संयुक्त राज्य अमेरिका भ्रमणको लागि नगर उप-प्रमुख प्रभा बोगटी ज्यू, वडा नं.१ का वडा अध्यक्ष लेनिन रन्जित ज्यू र वडा नं. ६ का वडा अध्यक्ष श्यामकृष्ण चालिसे ज्यू समेतको सम्पूर्ण खर्चहरु सम्वन्धित University ले व्यहोर्ने गरी नगरपालिकालाई विभिन्न क्षेत्रमा सहयोग समेत गर्न सक्ने गरी निमन्त्रणा प्राप्त भएकोले नगरपालिकालाई कुनै पनि आर्थिक दायित्व नपर्ने गरी बैदेशिक भ्रमणको लागि प्रक्रिया अगाडि बढाउन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंह दरबार काठमाडौंलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

६.टुहुरा बालबालिका (आमा बाबुविहिन) सम्बन्धमा।

- वागमती प्रदेश सरकारबाट आमा बाबुविहिन बालबालिकाको लागि उपलब्ध गराइएको रकम प्रदेश सरकारको सम्बन्धित कार्यविधिले तोकेको मापदण्ड अनुसार योग्यता पुगेका बालबालिकाहरुलाई मात्र वितरण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

७.नदीजन्य पदार्थको IEE स्विकृत सम्बन्धमा।

- यस नगरपालिकाको भूगोल भएर बहने विभिन्न खोला तथा नदीहरुको प्रारम्भिक वातावरणीय परिक्षण गरेपछि मात्र आगामी आर्थिक वर्ष २०८२।०८३ मा नदीजन्य साधारण निर्माण सामाग्रीको आय ठेक्का लगाउन पाउने कानूनी व्यवस्था रहेकोले परामर्श दाताले पेश गरेको तादी, त्रिशुली, सलाखु र फलाखु नदी खोलाको प्रारम्भिक वातावरणीय प्रतिवेदन पेश भए वमोजिम स्वीकृत गर्ने र उक्त प्रतिवेदन तयार गर्न लागेको विल बमोजिमको रकम प्राविधिक शाखाले रूजु गरी भुक्तानीका लागि सिफारिस गरे अनुसारको रकम विनियोजित बजेटको सम्वन्धित शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

८. विविध

क) योजना तथा कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा

- विदुर नगरपालिकाको योजना तथा कार्यक्रम अन्तर्गतको रकम भुक्तानी सम्बन्धी कार्य आगामी असार १० गतेभित्र सम्पन्न गर्ने सूचना प्रकाशित गर्ने सबै वडा कार्यालयले समेत सोही बमोजिम गर्न उपभोक्ता समिति तथा अन्य निर्माण व्यवसायीहरुलाई जानकारी गराई आवश्यक सहजिकरण गर्ने सर्वसम्मत निर्णय गरियो

बैठक संख्या: १११ (एक सय एघारऔं)
समय: दिनको २:३० बजे

आज मिति २०८२ असार ०८ गते आइतवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner